नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन गरी खाद्य पदार्थ रोक्का सम्बन्धी विवरण

यस विभाग अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगरबाट बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय सहितको संयुक्त अनुगमन टोलिले मिति २०८३/०३/०९ गते मोरङ्ग जिल्लाका निम्न बमोजिमको खाद्य व्यवसायको स्थलगत अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसार आवश्यक कारवाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण प्रकाशित गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | काम कारबाही/कैफियत/निर्देशन |
|---|---|---|---|
| १ | खाद्य व्यवस्था तथा ब्यापार कम्पनि लिमिटेड, बिराटनगर, मोरङ । | • चामलको बोरामा ब्याच नम्बर तथा मूल्य उल्लेख नगरी बिक्रि वितरण गरेको पाइयो<br>• चामल राखेको गोदाममा सर-सफाई तथा मुसा जस्ता जीवजन्तुहरुको नियन्त्रणको कमि<br>• चामल भन्डारण कक्षमा तापक्रम एकदम धेरै रहेको<br>• सम्पूर्ण लेबल बिवरण उल्लेख नगरेको खाद्य पदार्थ बिक्री बितरण गरेको पाईयो<br>• पच्चिस (२५) के.जि. को उनन्चालिस (३९) बोरा मुसाले खाएको बोराको चामल डल्ला परेको र उक्त चामललाई कामदारहरुले नयाँ बोरामा प्याक गर्दै गरेको अवस्थामा भेटिएको<br>• चामलमा सानो सानो डल्लो (चिलेसा) परेको र उक्त डल्लाभित्र जैविक पदार्थ पनि देखा परेको। | • पच्चिस (२५) के.जि. को उनन्चालिस (३९) बोरा स्टिम जीरा मसिनो चामलको (उत्पादन मिती २०८१-१२-१५ र उपभोग्य मिती २ वर्ष रहेको) लाई अर्को निर्देशन नभएसम्म बिक्री वितरण रोक्का राख्न निर्देशन दिइएको<br>• प्रयोगशाला परिक्षणका लागि चामलको नमुना संकलन गरिएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः १** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/१५

# अनुगमनका केही झलकहरू
















